# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१ मिति:२०८०/०४/१०
च.नं. 22

### मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षघातका विरामीहरुलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्बन्धी सूचना

प्रस्तुत विषयमा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७८/१२/१३ को निर्णय अनुसार मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षघातका विरामीहरुलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधी, २०७८, अनुसार आ.व. २०७८/०७९ मा नगरपालिका भित्रका सबै (वडा नं. १ देखी वडा नं. ९ ) वडाहरुबाट तथ्याङ्क संकलन भई आएका १०० जना विरामीहरुलाई २०८० असार मसान्त सम्मको औषधि उपचार खर्च सम्बन्धित व्यक्तिको बैंक खातामा रकम भुक्तानि गरिएको छ ।

यस नगरपालिका भित्रका लक्षित समूहमा परेका मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षघातका विरामीहरुले आ.ब. ०८०/०८१ मा पनि औषधि उपचार वापत खर्च प्राप्त गर्ने लाभग्राहीहरुले **मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षघातका विरामीहरुलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधी, २०७८, को दफा ३ संग सम्बन्धित अनुसूची-१ र अनुसूची-२** अनुसारको विवरण प्रमाणित गरि सम्बन्धित वडा कार्यालयमा मिति २०८० श्रावण मसान्त सम्म विवरण अद्यावधिक/नविकरण निवेदन दर्ता गराउनु हुन सबैमा जानकारि गराईन्छ ।

१. मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षघातका विरामीहरुलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधी, २०७८, को दफा ३ संग सम्बन्धित अनुसूची-१ र अनुसूची-२ को प्रमाणित विवरण ल्याउन हुन ।
२. वडा कार्यालयको सिफारिस- १ थान
३. नागरिकता प्रमाणपत्र प्रतिलिपि- १ थान

(मधु अर्याल खनाल)
प्रमुख प्रशासकीय अधिकृत

Email : info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np